प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# साझेदारीमा पशु आहारा उद्योग स्थापना कार्यविधि, २०७६

प्रस्तावनाः सही अनुपातमा पौष्टिक तत्वहरु सम्मिश्रित सन्तुलित दानाको उपलब्धताले पशुजन्य उत्पादन एवं उत्पादकत्वमा वृद्धि हुने साथै साझेदारीमा आधारित पशु आहारा उद्योग स्थापना र सञ्चालन गर्न बजेटको व्यवस्था भएको हुँदा कृषक समूह/ सहकारी/ निजि क्षेत्रसँगको साझेदारीमा उक्त कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"साझेदारीमा पशु आहारा उद्योग स्थापना कार्यविधि, २०७६"** बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"साझेदारीमा पशु आहारा उद्योग स्थापना कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक वा प्रस्तावक"** भन्नाले साझेदारीमा पशु आहारा उद्योग स्थापना र सञ्चालन कार्यक्रममा सहभागी हुन ईच्छुक र मापदण्ड पुरा गरेका कृषक समूह/ सहकारी/ निजि क्षेत्र सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको साझेदारीमा पशु आहारा उद्योग स्थापना र सञ्चालन सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"बैङ्क"** भन्नाले कृषि विकास बैङ्क सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **“मूल्याङ्कन समिति”** भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ।

(झ) **"साझेदार संस्था"** भन्नाले छनौट भई निर्देशनालयसँग द्विपक्षिय सम्झौता गरेको कृषक समूह/ सहकारी/ निजि क्षेत्र सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) पशुपालनको लागि आवश्यक पर्ने सन्तुलित एवं गुणस्तरीय आहारा उत्पादन गर्ने,

(ख) आहाराको मागलाई पुरा गरी आपूर्तिलाई सहज गर्ने,

(ग) रोजगारी सृजना गर्ने,

(घ) कच्चा पदार्थको माग बढाई उत्पादनमा वृद्धि गर्ने,

(ङ) दूध तथा मासुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहयोग गर्ने ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको बरिष्ठतम् अधिकृत, निर्देशनालय | सयोजक |
| प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा. निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालनः** (१) यो कार्यक्रम चितवन तथा काभ्रेपलान्चोक जिल्लामा सन्चालन गरिनेछ ।

(२) आगामी आ.व.हरुमा आवश्यकता र औचित्यताको आधारमा यो कार्यक्रम अन्य जिल्लाहरुमा थप गर्दै लगिनेछ ।

७. **प्रस्ताव आह्वानः** निर्देशनालयले यस कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूचि -१ बमोजिम सूचना प्रकाशन गर्नेछ। माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पुनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. **प्रस्ताव दर्ताः** दफा ७ बमोजिमको समय सिमा भित्र कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले अनुसूचि -२ बमोजिम आवेदन-पत्र, अनुसूचि -३मा उल्लेख भएको कागजहरु, अनुसूचि -४ बमोजिम प्रतिबद्धताको पत्र, अनुसूचि -५ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना र सूचनामा माग गरिएका कागजातहरु निर्देशनालय वा सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

९. **प्रस्ताव सङ्कलनः** सम्बन्धित कार्यालयले दर्ता भएका सिलबन्दी प्रस्तावहरु सङ्कलन गरी यथाशिघ्र निर्देशनालयमा पठाउनु पर्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१०. **<u>आवेदकको छनौट:</u>** छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले अनुसूचि -६ बमोजिमको मापदण्डका आधारमा कृषक समूह/ सहकारी/ निजी क्षेत्रको छनौट गरी स्वीकृतका लागि निर्देशालयमा पेश गर्नु पर्नेछ,

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

११. **<u>प्रस्तावकलाई जानकारी:</u>** छनौट भएको आवेदक संस्थालाई निर्देशनालयले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनु पर्नेछ ।

१२. **<u>सम्झौता:</u>** (१) प्रस्ताव स्वीकृत भएका आवेदक संस्थाले जानकारी प्राप्त गरेको १५ दिन भित्र अनुसूचि -७ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४

## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

१३. कृषक समूह/ सहकारी/ निजी क्षेत्रको कार्ययोजनाको आधार र पशु आहारा उद्योग स्थापना र सञ्चालनका लागि आवश्यक न्युनतम क्रियाकलापहरू समेटिने गरी अनुमानित लागत समेतको विवरण सम्झौतामा उल्लेख गरिने छ र सोही बमोजिम बढिमा पचास प्रतिशत अनुदान रकम साझेदारको बैंक खातामा उपलब्ध गराईने छ ।

१४. साझेदार संस्थाले आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारका कार्य सम्पन्न गरी विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन र रनिङ्ग विल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात यस निर्देशनालयले स्थलगत निरिक्षण गरी मनासिब देखेमा सम्पन्न भएको कामको १ प्रतिशत बराबर रकम कन्टिन्जेन्सी कट्टा गरि भुक्तानी दिनेछ ।

१५. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।

१६. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गरिने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

## परिच्छेद -५
## मापदण्ड

१७. **साझेदार संस्थाले पालना गर्नुपर्ने विषयहरु** (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) पचास प्रतिशत लागत साझेदारीमा पशु आहारा उद्योग स्थापना गर्न साझेदार संस्था प्रतिवद्ध हुनु पर्नेछ ।

(ख) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदार संस्थालाई प्राथमिकता दिईनेछ । सो नभए साझेदार संस्थाको लगानीकर्ता वा निजी जग्गा कम्तीमा १० वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ । यस्तो जग्गा कम्तीमा ५कठ्ठा हुनु पर्नेछ ।

(ग) पूर्वाधार (बाटो, पानी, बिजुली), व्यवसायको सम्भाव्यता, सम्भाव्य स्थलको फोटो र कच्चा पदार्थको उपलब्धताको अध्ययन गरेर प्रस्तावकलाई प्राथमिकता दिनु पर्नेछ।

(घ) साझेदार संस्थाले अन्य कुनै व्यावसाय सञ्चालन गरिरहेको भए सो व्यवसायको अवस्था र व्यवसाय परिसरको फोटो प्रस्तावमा संलग्न गर्नु पर्नेछ।

(ङ) साझेदार संस्थाले उद्योग स्थापना गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/नियम पालन गरेको हुनु पर्नेछ ।

(च) साझेदार संस्थाले अन्य ठाँउमा यस्ता खालका उद्योग संचालन गरेको भए उल्लेख गर्नुपर्नेछ।

(छ) साझेदार संस्थाले प्रस्तावको साथमा व्यवसायिक कार्य योजना पेश गर्नु पर्नेछ।

(ज) साझेदार संस्थाले एक भन्दा बढी स्थानमा आवेदन राख्न तथा छनोट हुन सक्नेछ सोको लागि निवेदन छुट्टा छुट्टै पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी निर्देशनालयबाट स्वीकृत गराई लागु गर्न सक्नेछ ।

## परिच्छेद -६
## विविध

१८. **प्रगति प्रतिवेदनः** (१) साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ।

१९. **संशोधन र खारेजः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

२०. **प्रचलित कानून बमोजिम हुनेछः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजिम हुनेछ ।

४

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(ख) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदार संस्थालाई प्राथमिकता दिईनेछ । सो नभए साझेदार संस्थाको लगानीकर्ता वा निजी जग्गा कम्तीमा १० वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ । यस्तो जग्गा कम्तीमा ५कठ्ठा हुनु पर्नेछ ।

(ग) पूर्वाधार (बाटो, पानी, बिजुली), व्यवसायको सम्भाव्यता, सम्भाव्य स्थलको फोटो र कच्चा पदार्थको उपलब्धताको अध्ययन गरेर प्रस्तावकलाई प्राथमिकता दिनु पर्नेछ।

(घ) साझेदार संस्थाले अन्य कुनै व्यावसाय सञ्चालन गरिरहेको भए सो व्यवसायको अवस्था र व्यवसाय परिसरको फोटो प्रस्तावमा संलग्न गर्नु पर्नेछ।

(ङ) साझेदार संस्थाले उद्योग स्थापना गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/नियम पालन गरेको हुनु पर्नेछ ।

(च) साझेदार संस्थाले अन्य ठाँउमा यस्ता खालका उद्योग संचालन गरेको भए उल्लेख गर्नुपर्नेछ।

(छ) साझेदार संस्थाले प्रस्तावको साथमा व्यवसायिक कार्य योजना पेश गर्नु पर्नेछ।

(ज) साझेदार संस्थाले एक भन्दा बढी स्थानमा आवेदन राख्र तथा छनोट हुन सक्नेछ सोको लागि निवेदन छुट्टा छुट्टै पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी निर्देशनालयबाट स्वीकृत गराई लागु गर्न सक्नेछ ।

## परिच्छेद -६
## <u>विविध</u>

१७. <u>प्रगति प्रतिवेदनः</u> (१) साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ।

१८. <u>संशोधन र खारेजः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

१९. <u>प्रचलित कानून बमोजिम हुनेछः</u> यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजिम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**अनुसुची -१**

**(दफा ७ सँग सम्बन्धित)**

**<u>प्रस्ताव आह्वान</u>**

प्रथम पटक प्रकाशित मितिः ………………

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाद्वारा आ.व. … … … को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक समूह/सहकारी/ निजि क्षेत्रसँगको पचास प्रतिशत लागत साझेदारीमा पशु आहारा उद्योग स्थापना र सञ्चालन गर्ने कार्यक्रम रहेको हुदाँ इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्रमा कार्यालय समयमा आईपुग्ने गरी अनुसूचि -२ बमोजिमको आवेदन-पत्र, अनुसूचि -३ बमोजिमको कागजातहरु, अनुसूचि -४ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूचि -५ बमोजिमको प्राविधिक तथा आर्थिक प्रस्ताव, अनुसूचि -६ बमोजिमको संक्षिप्त व्यावसायीक कार्ययोजना र सूचनामा माग गरिएका कागजातहरु तथा लागत लाभ विश्लेषण सहित निर्देशनालयमा वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -२
(दफा ८ सँग सम्बन्धित)
**प्रस्ताव पेश गर्न दिईने आवेदन**

मितिः

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।
मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ निर्देशनालयलबाट मिति ... ... ... ... गते ... ... ... राष्ट्रिय पत्रिकामा प्रकाशित नीजि क्षेत्र/ कृषि सहकारी संस्थाहरुसँगको पचास प्रतिशत लागत साझेदारीमा पशु आहारा उद्योग स्थापना र सञ्चालन सम्बन्धी प्रस्ताव आह्वान गरे अनुसारको कार्यक्रममा साझेदारी गर्न ईच्छुक भई अनुसूचि -४ अनुसारको कागजात यसैसाथ संलग्न गरी आवश्यक कारबाहीको लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

आवेदक
दस्तखतः
मितिः
नामथरः
पदः
संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -३
(दफा ८ सँग सम्बन्धित)
आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु

(१) आवेदन साथ निजि-सहकारी साझेदार संस्था सञ्चालक समितिको बैठकले पशु आहारा उद्योग स्थापना गर्न गरेको निर्णय प्रतिलिपी,
(२) निर्देशनालयले तोकेको ढाँचामा तयार गरिएको प्रस्ताव-पत्र,
(३) पशु आहारा उद्योगको संक्षिप्त व्यावसायिक कार्य योजना,
(४) प्रदेश निर्देशनालयसँग कम्तीमा पचास प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र,
(५) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी,
(६) भाडामा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरिएको पत्र,
(७) निजी/सहकारी संस्था दर्ता प्रमाणित प्रतिलिपि,
(८) स्थायि लेखा नम्बर दर्ता प्रमाणित प्रतिलिपि,
(९) प्रस्तावित पशु आहारा उद्योग स्थापना र सञ्चालन गर्न अन्य निकायवाट अनुदान लिए/नलिएको प्रमाणित गर्ने कागजात,
(१०) प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान,
(११) प्रस्तावक निजी-सहकारी संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता,
(१२) साझेदार संस्थाको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक ब्यालेन्स) वा बैङ्कको लेटर अफ इन्टेन्ट,
(१३) सम्बन्धित स्थानीय तह/ कार्यालयको सिफारिस ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूचि -४
(दफा ८ सँग सम्बन्धित)

**लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र**

मितिः

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।

मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः लागत साझेदारी गर्ने प्रतिवद्धता सम्बन्धमा ।

महोदय,

तहाँ निर्देशनालयको मिति ... ... ... गते ... ... ... राष्ट्रिय पत्रिकामा नीजि क्षेत्र/ कृषि सहकारी संस्थासँगको लागत साझेदारीमा पशु आहारा उद्योग स्थापना र सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार हाम्रो नीजि क्षेत्र/ कृषि सहकारी संस्थाले कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावित कुल लागत रु. ... ... ... ... ... को पचास प्रतिशतले हुन आउने रकम रु. ... मध्ये अन्य निकायबाट रु. ... ... ... ... ... अनुदान प्राप्त हुने भएकोले नपुग रकम रु. ... ... (अक्षरुपी रुपैयाँ ... ... ... ... ... ... ... ... ... ... मात्र।-) हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने नीजि/ कृषि सहकारी संस्था सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछु/ गर्दछौं ।

**जिम्मेवार पदाधिकारीको**
हस्ताक्षरः
मितिः
नामथरः
पदः
संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूचि -५
(दफा ८ सँग सम्बन्धित)

## संक्षिप्त व्यवसायिक कार्ययोजना तथा लागत लाभ विश्लेषणमा प्रष्टाउनु पर्ने बुंदाहरु

१. **पृष्ठभूमीः** यसमा प्रष्टाउनु पर्ने बुँदाहरु तपशिल बमोजिम हुनेछः-

(क) पशु आहारा उद्योग शुरु गर्नु पर्नाको कारण र समग्र परिस्थिती,

(ख) खपत गर्न सकिने दानाको परिमाण,

(ग) पशु आहारा उद्योगको संक्षिप्त परिचय,

(घ) साझेदारीमा आधारित पशु आहारा उद्योग के-कसरी स्थापना र सञ्चालन गरिने छ,

(ङ) विद्यमान पूर्वाधारहरुमा भौतिक, वित्तिय र प्राविधिक क्षमता बारे वर्णन गर्ने ।

२. **दिर्घकालिन सोंच, उद्येश्य र महत्वः** (१) प्रस्तावित पशु आहारा उद्योगबाट हासिल गर्न खोजिएको दिर्घकालिन लक्ष उल्लेख गर्ने ।

(२) प्रस्तावित पशु आहारा उद्योगले हासिल गर्ने तत्कालिन उद्देश्यहरु उल्लेख गर्ने ।

(३) पशु आहारा उद्योग संचालनबाट स्थानीय एवं राष्ट्रिय स्तरमा हासिल हुने प्रत्यक्ष/अप्रत्यक्ष लाभ उल्लेख गर्ने ।

३. **संभाव्यता विष्लेशणः** (१) व्यवसायीक योजना देहाय बमोजिम गर्नेः-

(क) उत्पादन योजना (के, कती र कसरी उत्पादन गर्ने योजना छ उल्लेख गर्ने)।

(ख) कच्चा पदार्थको उपलब्धता (पशु आहारा उद्योगको लागी के, कती कच्चा पदार्थको आवश्यकता पर्दछ उक्त कच्चा पदार्थ कहाँबाट र कसरी प्राप्त गरिन्छ उल्लेख गर्ने)।

(ग) उत्पादन हुने बस्तु र परिमाण (पशु आहारा उद्योग सञ्चालनमा आए पश्चात दैनिक रुपमा उत्पादन हुने सेवा र दानाको परिमाण उल्लेख गर्ने) ।

(घ) प्रविधि प्रयोगको सम्भाव्यता (दाना उत्पादनका लागि आवस्यक पर्ने प्रविधि, मेशिनरी, उपकरण, जनशक्ति र तिनको उपलब्धता कसरी सुनिश्चत गरिन्छ उल्लेख गर्ने) ।

(२) बजारिकरण योजना (उत्पादित दानाको सम्भावित बजार, विक्री योजना, गुणस्तर व्यवस्थापन र प्रतिस्पर्धामा कायम रहने योजना उल्लेख गर्ने) ।

(३) परियोजनाको वित्तिय विष्लेशण (B/C ratio, IRR, Payback period) उल्लेख गर्ने ।

४. **व्यवस्थापन योजनाः** (१) व्यवस्थापनको उच्च तहमा रहने पदाधिकारीहरुको विवरण तपशिल अनुसार उल्लेख गर्नेः-

| क्र.सं. | पद | नामथर | शैक्षिक योग्यता | तालीम/अनुभव | उद्योगमा निजको भूमिका |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

५. <u>वातावरणिय प्रभाव/असरको विश्लेशण</u>: (१) पशु आहारा उद्योग स्थापना र सञ्चालनले वातावरणमा पार्ने सकारात्मक प्रभावहरु उल्लेख गर्ने ।

(२) पशु आहारा उद्योग स्थापना र सञ्चालनले वातावरणमा पार्ने नकारात्मक असरहरु आंकलन गर्ने ।

(३) पशु आहारा उद्योग स्थापना र सञ्चालनले वातावरणमा पार्ने नकारात्मक असर न्युनिकरणका लागी के-कस्ता उपायहरु अवलम्बन गरिनेछ उल्लेख गर्ने ।

६. <u>लाभग्राही विश्लेशण</u>: (१) लैंगिक र सामाजिक विश्लेषण तपशिल बमोजिम गर्नेः-

| लाभग्राही | लाभग्राही संख्या | लैंगिक विश्लेषण | | सामाजिक वर्गिकरण | | |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | दलित | जनजाती | अन्य |
| प्रत्यक्ष | | | | | | |
| अप्रत्यक्ष | | | | | | |
| जम्मा | | | | | | |

(२) लाभग्राहीले लाभ प्राप्त गर्ने तरिका उल्लेख गर्ने ।

मा. दावा दोर्जे लामा
मन्त्री

१. लागत लाभ विश्लेषणः (१) तपशिल बमोजिमको श्रेस्ता पूर्वानुमानको आधारमा विश्लेषण गर्नेः-

| क.सं. | अनुमानित आम्दानी/खर्चको विवरण | प्रथम वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. |
| | पूंजिगत खर्च | | | | | | | | | | | | |
| १ | भौतिक निर्माण | | | | | | | | | | | | |
| २ | मेशिनरी/औजार/उपकरण खरिद | | | | | | | | | | | | |
| क) | कुल पूंजिगत खर्च | | | | | | | | | | | | |
| | चालु खर्च | | | | | | | | | | | | |
| १ | उत्पादन लागत | | | | | | | | | | | | |
| १.१ | कच्चा पदार्थ/समाग्री खरिद | | | | | | | | | | | | |
| १.२ | कच्चा पदार्थ भित्र्याउन ढुवानी खर्च | | | | | | | | | | | | |
| १.३ | श्रमिक/ज्यामी/ज्यालादारी ज्याला भुक्तानी | | | | | | | | | | | | |
| २ | उपभोग तथा प्रशासनिक खर्च | | | | | | | | | | | | |
| २.१ | तलब, भत्ता तथा अन्य सुविधा भुक्तानी | | | | | | | | | | | | |
| २.२ | घर/मेशिन/औजार/उपकरणको भाडा भुक्तानी | | | | | | | | | | | | |
| २.३ | पानी, बिजुली, टेलिफोनको महशुल भुक्तानी | | | | | | | | | | | | |
| २.४ | मर्मत सम्भार भुक्तानी | | | | | | | | | | | | |
| २.५ | बिक्री वितरण, विज्ञापन तथा प्रसार खर्च | | | | | | | | | | | | |
| ३ | ब्याज (Interest on Loan & Shared Capital) भुक्तानी("च" ब्याज लाग्ने खर्चको ... प्रतिशत/वर्षका दरले) | | | | | | | | | | | | |



मा. दावा दोर्जे लामा
मन्त्री

| ख) | कुल चालु खर्च | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | अनुमानित आम्दानी/खर्चको विवरण | प्रथम वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | | जम्मा | | |
| | | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. | ईकाई | परिमाण | रकम रु. |
| ग) | खुद खर्च (Net Expenditure) (क+ख) (ब्याज लाग्ने/नलाग्ने सवै खर्चको जम्मा) | | | | | | | | | | | | |
| | ब्याज लाग्ने खर्च पत्ता लगाउन गरिएको विश्लेषण: | | | | | | | | | | | | |
| | ब्याज रहित अनुदान रकमहरुबाट गरिएको खर्च | | | | | | | | | | | | |
| १ | निर्देशनालयबाट प्राप्त कुल लागतको ५०% अनुदान रकमबाट गरिएको खर्च रु. | | | | | | | | | | | | |
| २ | स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट गरिएको खर्च रु. | | | | | | | | | | | | |
| ३ | अन्य निकायबाट प्राप्त अनुदान रकमबाट गरिएको खर्च रु. | | | | | | | | | | | | |
| घ) | कुल अनुदान रकमबाट गरिएको खर्च रु. | | | | | | | | | | | | |
| ङ) | आफ्नै संस्थाबाट ब्यहोरिने रकमबाट गरिएको खर्च रु. | | | | | | | | | | | | |
| च) | ब्याज लाग्ने रकमबाट गरिएको खर्चको जम्मा (ग-घ-ङ) | | | | | | | | | | | | |
| | आम्दानी विवरण: | | | | | | | | | | | | |
| १ | उत्पादित दाना विक्री | | | | | | | | | | | | |
| २ | घास विक्री | | | | | | | | | | | | |
| छ) | कुल आम्दानी (Gross Income) | | | | | | | | | | | | |



मा. दावा दोर्जे लामा
मन्त्री

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ज) | खुद मुनाफा (Net Profit) (छ-ग) | | | | | | | | | | | | |
| झ) | कुल मुनाफा (Gross Profit) (छ-ख) | | | | | | | | | | | | |
| ञ) | खुद बचत (Net Saving) (ज-च) | | | | | | | | | | | | |
| ट) | डिस्काउण्टेड आम्दानी [छ-(१+ब्याज%)×वर्ष] | | | | | | | | | | | | |
| ठ) | डिस्काउण्टेड खर्च [ग-(१+ब्याज%)×वर्ष] | | | | | | | | | | | | |

आवेदकको हस्ताक्षर र मितिः नामथरः पदः संस्थाको नाम र ठेगानाः संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूचि -६

(दफा १० को खण्ड (क) सँग सम्बन्धित)

## मूल्याङ्कन फारम

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. कार्यक्रम सन्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. स्थलगत अनुगमन गरिएको मितिः

६. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | ३० | | |
| १.१ | सडक सुविधा भएको | ४ | | स्थानिय तहको सिफारिस |
| १.२ | बिजुली सुविधा भएको | ३ | | |
| १.३ | पानीको सुविधा भएको | ३ | | |
| १.४ | जग्गाको स्वामित्व | २० | | |
| १.४.१ | आफ्नै भएको | २० | | प्रमाण देखिने कागजात |
| १.४.२ | सेयर होल्डरको नाममा जग्गा भएको | १६ | | |
| १.४.३ | भाडामा जग्गा लिएको | १२ | | |
| २ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालीम/ शैक्षिक योग्यता (प्रस्तावित कामदारको मात्र) | ५ | | |
| २.१ | ७ दिन अवधीसम्मको तालीम | १ | | |
| २.२ | ७ देखी १५ दिने अवधिसम्मको तालिम | २ | | |
| २.३ | १६ देखी ३० दिने अवधिसम्मको तालिम | ३ | | |
| २.४ | १ महिना दर्खी ३ महिना अवधिसम्मको तालिम | ४ | | |
| २.५ | ३ महिना भन्दा बढी अवधीको तालिम/ शैक्षिक योग्यता (जे.टी./ जे.टी.ए.) | ५ | | |
| ३ | वित्तिय क्षमता | १० | | |
| ३.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | ५ | | |
| ३.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | ५ | | |
| ४ | रोजगारीको अवस्था (प्रस्तावित) | ५ | | |
| ४.१ | ५ जना भन्दा माथि | ५ | | |
| ४.२ | कम्तीमा ५ जना | ३ | | |

मा. दावा दोर्जे लामा
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ५ | वातावरणीय उपयुक्तता | ५ | | |
| ५.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आँकलन गरिएको | २ | | |
| ५.२ | वातावरणीय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | | |
| ६ | अन्य पक्षहरु | १५ | | |
| ६.१ | विगतमा यस्तै खाले काम गरिरहेको र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | १५ | | |
| ७ | स्विकृत कार्यविधी अनुसारको थप आधारहरु | ३० | | |
| ७.१ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | २० | | |
| ७.१.१ | प्राविधिक प्रस्ताव गुणस्तर | १० | | |
| ७.१.२ | आर्थिक प्रस्ताव गुणस्तर | १० | | |
| ७.२ | B/C ratio, IRR, Payback period को आधारमा उपयुक्तता र दिगोपन (वित्तिय विश्लेषण) | १० | | |
| | जम्मा | १०० | | |

<u>नोटः</u> मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।

७. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)

ख)

८. स्थलगत अनुगमन टोलीको रायः

| क्र.सं. | पद | नामथर | राय | | | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | सुझाव सहित हुन्छ | हुदैन | |
| १ | | | | | | |
| २ | | | | | | |

नोटः हुन्छ/ सुझाव सहित हुन्छ/ हुदैन भन्ने स्पष्ट कारण दिनु पर्नेछ । कारणहरुः

१.

२.

३.

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूचि -७
(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

## द्विपक्षिय संझौता-पत्र

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत निजि/सहकारी संस्थासँगको पचास प्रतिशत लागत साझेदारीमा पशु आहारा उद्योग स्थापना र सञ्चालन गर्ने सम्बन्धी मिति ... ... ... गतेको ... ... ... राष्ट्रिय/स्थानीय पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ... ... ... ... को प्रस्ताव छनौट भएको हुँदा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी पशु आहारा उद्योग स्थापना र सञ्चालनका लागि द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/दियौं।

तपशिलः

(१) प्रथम पक्षले लागत साझेदारीमा आधारित पशु आहारा उद्योग स्थापना र सञ्चालन सम्बन्धी कार्यक्रमको लागि कुल लागत अनुदान वापत रु. ... ... ... ... ... मध्येको १ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी दोस्रो पक्षलाई रु. ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... .. ...) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ ।

(२) दोश्रो पक्षले आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा वा सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई किस्तामा वा दोश्रो पक्षले सम्पूर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैङ्कखाता मार्फत गर्नेछ ।

(३) दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाईन, ईष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

(४) कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(५) प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह/सुझाव दिन सक्नेछ ।

(६) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(७) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(८) दोश्रो पक्षले पशु आहारा उद्योग स्थापना र सञ्चालन हुँदा रोजगार प्राप्तहरु मध्ये लक्षित समूदाय(महिला, दलित, जनजाती आदि)लाई नेपाल सरकारले सञ्चालनमा ल्याएको स्वास्थ्य विमा कार्यक्रममा आवद्ध हुन लाग्ने विमा शुल्कको पचास प्रतिशत रकम बहन गर्नु पर्नेछ । उक्त रकम दोश्रो पक्षले सिधै सम्बन्धित विमा कम्पनीलाई पठाई दिनु पर्नेछ ।

(९) दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(१०) दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाइन, ईष्टिमेट र दरभाउ मेसिनरी उपकरण र अन्य सामानहरु खरीद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समयभित्र सम्मन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(११) दोश्रो पक्षले सम्झौता अनुरुप उद्योग स्थापना नगरेमा प्रथम पक्षले अनुदान रोक्का गर्न सक्नेछ।

(१२) दोश्रो पक्षले पशु आहारा उद्योग स्थापना कार्य अधुरो छाडी अन्यत्रै विक्री गरी दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गर्नेछ ।

(१३) कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(१४) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| दोस्रो पक्षको तर्फबाटः | प्रथम पक्षको तर्फबाटः |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | मन्त्रालयः |
| संस्थाको छापः | मन्त्रालयको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

इति सम्वत् .............. साल ................ महिना ......... गते रोज ........ शुभम् ।

मा. दावा दोर्जे लामा
मन्त्री